# अर्जुनचौपारी गाउँपालिका
Arjunchaupari Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
**Office of Rural Municipal Executive**
अर्जुनचौपारी, स्याङ्जा

गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

प.सं.(Reference No: ०८१।८२
च.नं.(Dispatch No):-

मितिः२०८२।०१।१७

## प्रेस विज्ञप्ती

मिति २०८२।०१।१७ गते यस अर्जुनचौपारी गाउँपालिकाको ४१औं कार्यपालिकाको बैठकबाट निर्णय भएका मुख्य निर्णयहरु तपशिल बमोजिम रहेको अर्जुनचौपारी गाउँपालिकाबासी सर्वसाधारणको जानकारीको लागि यो विज्ञप्ती प्रकाशित गरिएको छ।

**निर्णय नं. १** अर्जुनचौपारी गाउँपालिका वडा नं. २ मा मिति २०८१ चैत्र २६ देखि मिति २०८२ वैशाख २ गते सम्म गरिबी निवारण तथा ग्रामीण जीवनस्तर उकास्ने उद्देश्यका साथ लघु उद्यम विकास कार्यक्रम अन्तर्गत अचार बनाउने तालिम सञ्चालन गरिएको र तालिम लिएकामध्ये २ जनाले अचार व्यवसायसमेत शुरु गरेकोमा उक्त कार्यक्रमले गरिव तथा विपन्न समुदायको आत्मनिर्भरता र रोजगारी सिर्जना हुने हुँदा आगामी वर्षहरुमा पनि यस्तै खालका कार्यक्रमहरुलाई निरन्तरता प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. २** अर्जुनचौपारी गाउँपालिकाको आन्तरिक लेखापरीक्षण शाखाबाट पेश भएको तेश्रो त्रैमासिक अवधिको आ.ले.प. प्रतिवेदन उपर छलफल गरियो। लेखा परीक्षणका क्रममा औंल्याइएका कमीकमजोरीहरूलाई सुधार गर्न विषयगत शाखा एवम् सरोकारवाला निकायहरुलाई आवश्यक निर्देशन प्रदान गर्न सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ३** नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुमानित अनुदान र गत वर्षको मौज्दात सहितको अर्जुनचौपारी गाउँपालिकाको श्रोत अनुमान तथा सीमा निर्धारण समितिले पेश गरेको आगामी आर्थिक वर्ष २०८२/०८३ तपसिल बमोजिम बजेट, स्रोत अनुमान तथा सीमा निर्धारण गरी सोही अनुसार बजेट आर्थिक वर्ष २०८२/०८२ का लागि वार्षिक विकास कार्यक्रम निर्माण गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिलः

| आगामी आ.व. ०८२/८३ को लागि स्रोत अनुमान तथा सीमा निर्धारण | | | | | |
|---|---|---|---|---|---|
| आय | | | | | |
| शीर्षक | आ. व. ०८०/८१ को यथार्थ आय | चालु आ. व. ०८१/८२ को संशोधित अनुमान | आ. व. ०८२/८३ को प्रक्षेपण | आ. व. ०८३/८४ को प्रक्षेपण | आ. व. ०८४/८५ को प्रक्षेपण |
| संघीय सरकार | २८७४४९२१२ | २९३८२५००० | ३१३४००००० | ३२०७०५००० | ३३७०००००० |
| समानिकरण अनुदान | ७५५१६००० | ८१८००००० | ७९३००००० | ८२०००००० | ८६०००००० |
| सशर्त अनुदान | १९५९३३२१२ | १९२०२५००० | २०३७००००० | २०५८८५००० | २१६०००००० |
| विशेष अनुदान | ८०००००० | ० | ८४००००० | ८८२०००० | १०००००००० |
| समपुरक अनुदान | ८०००००० | २०००००००० | २२०००००० | २४०००००० | २५०००००० |
| प्रदेश सरकार | १७९०१७५० | १९८१४००० | २८४३९००० | ३१४५१००० | ३३४००००० |

“ साझा प्रतिबद्धता, साझा जिम्मेवारी, हामी सबैको सपना समुन्नत अर्जुनचौपारी ”

9856053133 arjunchauparimun.gov.np arjunchaupari11@gmail.com

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| समानिकरण अनुदान | ७४०१७५० | ९८१४००० | ९७८९००० | १०८१९००० | ११३००००० |
| सशर्त अनुदान | ५५००००० | ० | ७३५०००० | ८०१७००० | ८६००००० |
| विशेष अनुदान | ० | ४०००००० | ५०००००० | ६०००००० | ६५००००० |
| समपुरक अनुदान | ५०००००० | ६०००००० | ६३००००० | ६६१५००० | ७०००००० |
| राजस्व बाडफाड | ६१३६०००४ | ७४६३६००० | ७४३२१६५३ | ८१७६०००० | ८६२४७००० |
| बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ५६३६६७०१ | ७०६००००० | ६६९२६६५३ | ७३६२६००० | ७७३००००० |
| ४८६६बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ४९९३३०३ | ४०३६००० | ७३९५००० | ८१३४००० | ८९४७००० |
| अन्तरिक श्रोत | ७७१५१३३ | ७०००००० | ८०००००० | ९०००००० | १०००००००० |
| गत बर्षको मौज्दात | १७३६०६१५४ | १७०८००००० | २०००००००० | २०००००००० | २०००००००० |
| जम्मा | ५४८०३२२५३ | ५६६०७५००० | ४४४१६०६५३ | ४६२९१६००० | ४८६६४७००० |

निर्णय नं. ४ आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि संस्थाको नीति, योजना, र कार्यसम्पादन लक्ष्यहरूलाई मध्यनजर गर्दै बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियाको थालनी गर्नुपर्ने भएकोले, कार्यसम्पादनमा प्रभावकारीता, पारदर्शिता, र परिणाममुखीता कायम राख्न निम्नानुसार बजेट तथा कार्यक्रमहरूको प्राथमिकता निर्धारण गर्ने सर्वसम्मत निर्णय गरियो।

क. **प्राथमिक क्षेत्रहरू निर्धारण:** आगामी वर्षका लागि निम्न क्षेत्रहरूलाई प्राथमिकता दिइनेछ:

- पूर्व निर्धारित रणनीतिक योजना अन्तर्गतका अधुरा रहेका योजनाहरूको सम्पन्नता।
- आधारभूत सेवा प्रवाहमा सुधार गर्ने कार्यक्रमहरू (शिक्षा, स्वास्थ्य, सरसफाइ आदि)।
- डिजिटल प्रणाली विकास तथा सूचना प्रविधि सुदृढीकरण, कृत्रिम बौद्धिकता (AI)
- मानव स्रोत विकाससम्बन्धी कार्यक्रमहरू।
- आयआर्जन र आर्थिक स्वावलम्बन बढाउने कार्यक्रमहरू।

धन बहादुर गुरुङ
प्रवक्ता

Arjunchaupari Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

**Office of Rural Municipal Executive**

अर्जुनचौपारी, स्याङ्जा

गण्डकी प्रदेश, नेपाल

Gandaki Province, Nepal

प.सं.(Reference No ०८१।८२

च.नं.(Dispatch No):-

निर्णय नं. ५ गाउँपालिकाको आन्तरिक आम्दानी, संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, तथा चालु/पुँजीगत खर्चको पूर्वानुमानका आधारमा आगामी आर्थिक वर्ष २०८२/०८३ को कूल बजेट अनुमान, सीमा निर्धारण, बजेट तर्जुमा साथै गाउँपालिकाका प्रत्येक वडाहरुलाई वडाबाट संकलित राजश्वलाई समेत आधार मानी तपसिल बमोजिमको बजेट सिलिङ् एवम् अख्तियारी उपलब्ध गराउने सर्वसहमत निर्णय गरियो।

तपसिलः

| सि.नं.. | वडा नं. | बजेट शिलिङ्ग (रु ०००मा) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | चालु | न्यूनतम अनुदान | राजश्व संकलनको आधारमा थप अनुदान | कार्य सम्पादनमा आधारित अनुदान | विशेष अनुदान | समपुरक अनुदान ५० प्रतिशत | कूल जम्मा अनुदान |
| १ | १ | ३५० | ८०० | ९०० | ७० | ३०० | ३०० | २७२० |
| २ | २ | ३५० | ८०० | ४७० | ७० | ३०० | ३०० | २२९० |
| ३ | ३ | ३५० | ८०० | २८० | ७० | ३०० | ३०० | २१०० |
| ४ | ४ | ३५० | ८०० | ३४० | ७० | ३०० | ३०० | २१६० |
| ५ | ५ | ३५० | ८०० | ५६० | ७० | ३०० | ३०० | २३८० |
| ६ | ६ | ३५० | ८०० | ४३० | ७० | ३०० | ३०० | २२५० |

नोटः समपूरक र विशेष अनुदानको हकमा न्यूनतम एक-एक वटा रु ५ लाखका योजना छनौट गर्नुपर्नेछ।

निर्णय नं. ६ अर्जुनचौपारी गाउँपालिकाको आर्थिक, सामाजिक, सुशासन, पूर्वाधार, वन वातावरण तथा विपद् विषयगत समितिबाट पेश भएको प्रतिवेदन उपर छलफल गरी उक्त प्रतिवेदन स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ७ अर्जुनचौपारी गाउँपालिकाको राजश्व परामर्श समितिबाट पेश भएको राजश्व अध्ययन एवम् प्रतिवेदन उपर छलफल गरी आर्थिक वर्ष २०८२/०८३ को लागि समितिले अनुमान गरेको तपसिल बमोजिमको राजश्व अनुमान उपर छलफल गरी स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिलः

| क्र.सं. | राजस्व संकेत | राजस्व शीर्षक | रकम |
|---|---|---|---|
| १ | ११३१३ | सम्पत्ति कर | ६२५००० |
| २ | ११३१४ | भुमिकर/मालपोत | ६००००० |
| ३ | ११३१७ | बहाल कर | २५०००० |
| ४ | ११३१८ | बहाल बिटौरी कर | १५०००० |
| ५ | ११४५१ | सवारी साधन कर (साना सवारी) | ५०००० |

*" साझा प्रतिबद्धता, साझा जिम्मेवारी, हामी सबैको सपना समुन्नत अर्जुनचौपारी "*

9856053133 arjunchauparimun.gov.np arjunchaupari11@gmail.com

| | | | |
|---|---|---|---|
| ६ | ११६९१ | अन्य कर | ६५०००० |
| ७ | १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | ७००००० |
| ८ | १४२११ | कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | १५००००० |
| ९ | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | ७०००० |
| १० | १४२२४ | परीक्षा शुल्क | ३५००० |
| ११ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ६०००० |
| १२ | १४२४२ | नक्सापास दस्तुर | ६०००० |
| १३ | १४२४३ | सिफारिस दस्तुर | १३००००० |
| १४ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ५००००० |
| १५ | १४२४५ | नाता प्रमाणित दस्तुर | २००००० |
| १६ | १४२४९ | अन्य दस्तुर | १२००००० |
| १७ | १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ६००००० |
| १८ | १४२६५ | अन्य क्षेत्रको आय | १०००० |
| १९ | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | २०००० |
| २० | १४५२९ | अन्य राजस्व | ७००००० |
| २१ | १४६११ | व्यवसाय कर | २०००० |
| २२ | १५१११ | बेरुजु | ५०००० |
| | | जम्मा | ८०००००० |

निर्णय नं. ८ अर्जुनचौपारी गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिका संयोजक श्री सपना गुरुङले पेश गर्नु भएको अनुगमन तथा सुपरिवेक्षण समितिको प्रतिवेदन छलफल पश्चात स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ९ अर्जुनचौपारी गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि सम्पूर्ण वडा कार्यालयहरुले टोल-टोल, बस्ती-बस्तीबाट योजना छनौट एवम् प्राथमिकीकरण गरी मिति २०८२ जेष्ठ १७ गते भित्र गाउँपालिकामा पेश गर्ने र उक्त कार्यका लागि गाउँपालिकाले आवश्यक सहजीकरण मिलाउने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. १० अर्जुनचौपारी गाउँपालिकाको आ.व. २०८२/०८३ का लागि नयाँ योजनाहरूलाई समावेश गर्न र पुराना योजनाहरूको प्रगति अवलोकन गर्दै आयोजना बैंक अद्यावधिक गर्नु पर्ने भएको हुँदा सम्पूर्ण वडा कार्यालयलाई आ-आफ्ना वडाहरुमा आवश्यक रहेका योजनाहरु प्राथमिकतासहित पेश गर्न लगाई आयोजना बैंक अद्यावधिक गर्ने आवश्यक प्रक्रिया अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता



CamScanner

# अर्जुनचौपारी गाउँपालिका
Arjunchaupari Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
**Office of Rural Municipal Executive**
अर्जुनचौपारी, स्याङ्जा

गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

प.सं.(Reference No) ०८१।८२
च.नं.(Dispatch No):-

निर्णय नं. ११ अर्जुनचौपारी गाउँपालिका भित्रका विभिन्न शाखा, इकाईका, कार्यालयको मासिक प्रगति विवरण उपर छलफल गरी गाउँपालिकाबाट प्रदान गरिने सेवालाई थप प्रभावकारी, सुशासन एवम् नागरिकमैत्री बनाउन आवश्यक निर्देशन प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. १२ आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि गाउँपालिका भित्रका विषयगत प्रत्येक विषयगत शाखाले आ-आफ्नो क्षेत्रभित्रका समस्या, आवश्यकता, सम्भाव्यता र स्रोतको उपलब्धताका आधारमा नीति तथा योजनाहरू छनौट गर्नका लागि आवश्यक निर्देशन दिने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. १३ अर्जुनचौपारी गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ देखि २०८४/०८५ सम्मको विषय क्षेत्रगत मध्यकालीन खर्च संरचना (MTEF) को प्रारम्भिक मस्यौदा उपर छलफल गरियो। प्रारम्भिक मस्यौदामाथि विषयगत सुझावहरू सङ्कलन गरी गाउँपालिकाका नीति, योजना तथा प्राथमिकतासँग समन्वय गर्दै खर्च संरचना परिमार्जन गर्ने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता



CamScanner